**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**आदेश**

**०७२-WO-०१२०**

विषय :- उत्प्रेषण परमादेश समेत ।

अधिवक्ता प्रविन पन्दाक समेत ........................................................................ १ रिट निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं समेत ................. १ विपक्षी

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी गर्न नपर्ने कानून बमोजिमको कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र सम्बन्धित प्रमाण कागज साथै राखी विपक्षी नं. १, २, ३, ४ र ५ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नेपाल मेडिकल काउन्सीलका हकमा आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रीट निवेदनको नक्कल साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु।

साथै अन्तरिम आदेशको मागको सम्बन्धमा विचार गर्दा, प्रजनन स्वास्थ्य मौलिक हकको विषय भएको र जीवनलाई व्यापारको रुपमा नेपाल कानूनले मानेको अवस्था नभएकोले सरोगेसी (कोख भाडामा लिएर बच्चा जन्माउने) कार्यलाई नेपालमा मान्यता दिने नदिने ? त्यस्तो प्रक्रियाबाट जन्मने बच्चाका उपर आमा वा बाबुको के कस्तो हक रहने ? कोख भाडामा लिएको महिलाको शरीर वा जीवनको शोषण नहुने व्यवस्था कसरी गर्ने, स्वयं बच्चाको उपर आमाबाबुको कस्तो हक वा दायित्व रहने? र निजहरुको समाजमा हक के कस्तो रहने ? महिलाको कोखको व्यापारिक प्रयोजन गर्न मिल्ने नमिल्ने ? भाडामा प्रयोग गरेको भए तिनका प्रयोगको प्रश्नहरु कसरी निरुपित रहने, सरोगेसीबाट जन्मेको त्यस्तो बच्चाको नागरिकता, जन्ममृत्यु घटनाको दर्ता वा प्रमाणिकता के कस्तो हुने? देशान्तरण वा स्थानान्तरण के कस्तो अवस्थामा हुने ? सरोगेसी सेवा प्रदायक वा व्यवस्थापक व्यक्ति वा संस्थाको पञ्जिकरण र व्यवस्थापन तथा उत्तरदायित्वका प्रश्नहरु के हुने जस्तो विविध प्रश्नहरु यस्तो कार्यमा अन्तरनिहित हुने भै त्यसको नीतिगत कानूनी एवं संस्थागत संरचनाको सुनिश्चितताको आवश्यकतालाई उपेक्षा गरेर यस्तो गम्भीर मानवीय, कानूनी एवं

सामाजिक परिणाम भएको विषयलाई तदर्थवादी हिसावले प्रचलनमा आउन, ल्याउन वा चलाउन दिन वान्छनीय नहुने हुनाले प्रस्तुत निवेदनमा अन्तिम आदेश नभएसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७१।७।२८ को पत्रद्वारा गरिएको व्यवस्था अघि नबढाउनु, तत्काल स्थगित गर्नु कार्यान्वयन नगर्नु, नगराउनु । अन्य कुनै अस्पताल, नर्सिङ्ग होम वा स्वास्थ्य सेवा प्रदान गर्ने निकायलाई कुनै तरिकाले प्रत्यक्ष वा परोक्ष रुपमा अनुमति नदिनु नदिलाउनु । साथै यो आदेशको कार्यान्वयनको अनुगमन गरी त्यसको प्रतिवेदन प्रत्येक महिना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस अदालतमा पेश गर्नु भन्ने समेत सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ । सो को सूचना विपक्षीहरुलाई दिनू । प्रस्तुत मुद्दामा उपस्थित प्रश्नहरु सार्वजनिक महत्वको समेत देखिएको अग्राधिकार दिई पेश गर्नु ।

प्रधान न्यायाधीश

इति संवत् २०७२ साल भाद्र ८ गते रोज ३ शुभम् ....................।